सिटि अफ समरभिल

# समावेशी आवास
# एकीकृत भाडा प्रतीक्षा सूची

# जानकारीमूलक सत्र

# परिचय / व्याख्या

- **अलाना ग्याफ्नी (Alanna Gaffny)**, समावेशी आवास सहप्रबन्धक, समरभिल सिटि
- **वेन्जामिन वेनर (Benjamin Wyner)**, कार्यक्रम विशेषज्ञ, समरभिल सिटि
- **श्यानन ल्यालर (Shannon Lawler)**, कार्यक्रम विशेषज्ञ, समरभिल सिटि
- **केटलिन प्लोकारजिक (Kaitlyn Plocharczyk)**, कार्यक्रम विशेषज्ञ, समरभिल सिट
- **समरभिलआप्रवासी मामिला कार्यालयका कर्मचारीहरू**

**भाषानुवाद (Interpretation) मा कसरी पहुँच प्राप्त गर्ने**

# कार्यसूची

- एकिकृत भाडा प्रतीक्षा सूचीको सिंहावलोकन
- के-के परिवर्तन हुँदै छ?
- एकिकृत प्रतीक्षा सूचीका लागि आवेदन दिने चरणहरू
- आवेदनको नमूना
- प्रतीक्षा सूचीको सिर्जना
- पछिल्ला चरणहरू र महत्त्वपूर्ण मितिहरू
- प्रश्न र उत्तरहरू

# दर्शकको सहभागिता

**समरभिलमा को-को बस्छन् ? तपाँई कहिले देखि यहाँ बसिरहनु भएको छ?**

**तपाँईले समावेशी आवासको बारेमा सुन्नुभएको छ?**

- यी युनिटहरू कसरी निर्माण गरिन्छ भन्ने कसैलाई थाहा छ त?

**तपाँईले विगतमा किफायती आवासका लागि आवेदन दिनुभएको छ?**

- तपाँईले आवेदन दिँदा कुनै समस्या अनुभव गर्नुभएको छ कि ? उदाहरणका लागि:
  - समयसीमा पूरा गर्न नसकेर आवेदन दिन छुटाउनु भयो कि?
  - योग्यता पुऱ्याउन समस्या भयो कि?
  - युनिट मन परेन कि?
  - अन्य समस्याहरू? यदि तपाँई केही कुरा राख्न चाहनु हुन्छ भने कृपया आफ्नो हात उठाउनुहोला।

**समावेशी युनिटहरूका फाइदा र कार्यक्रममा के-के परिवर्तन हुँदै छ भन्ने बारेमा चर्चा गरौँ।**

# समावेशी भाडा कार्यक्रमको सिंहावलोकन

## समावेशी युनिटहरू कहाँ उपलब्ध छन्?

४ वा सो भन्दा बढी आवासीय युनिटहरू रहेका अधिकांश नव निर्मित आवासहरूमा केही समावेशी युनिटहरू हुन्छन्।

## यी युनिटहरू कस्ता हुन्छन्?

आवासमा रहेका समावेशी युनिटहरू अन्य युनिटहरू जस्तै हुन्छन्। त्यसमा निम्नानुसार पर्दछन्:

**युनिटको आकार**

**निर्माणमा प्रयोग भएका सामग्रीहरू, जस्तै फ्लोरिङ, काउन्टरटप, र क्याबिनेटहरू**

**उपकरणहरू, जस्तै रेफ्रिजरेटर, चुल्हो, र डिसवासर**

**आवासमा रहेका अन्य स्थानहरूमा पहुँच, जस्तै सामुदायिक कक्ष**

## आवेदन गर्नका लागि आय मापदण्डहरू के-के हुन्?

बष्टनमा क्षेत्रीय औसत आय (AMI) को ५०%, ८०% र ११०% आय आर्जन गर्ने घरधुरीलाई यी युनिटहरू उपलब्ध छन्। यी संख्याहरू हरेक वर्ष अद्यावधिक गरिन्छ। हालको औसत आय (AMI) रकमका उदाहरणहरू:

- ५०% औसत आय (AMI) भएको चार जनाको परिवारका लागि अधिकतम वार्षिक आय $८१,६०० हुन्छ।
- ८०% औसत आय (AMI) भएको चार जनाको परिवारका लागि अधिकतम वार्षिक आय $१३०,२५० हुन्छ।
- ११०% औसत आय (AMI) भएको चार जनाको परिवारका लागि अधिकतम वार्षिक आय $१७९,५२० हुन्छ।

# कार्यक्रमको सिंहावलोकन निरन्तर...

## भाडा कति हुन्छ ?

भाडा आवास र युनिटहरू कहिले निर्माण गरिएको हो भन्ने कुरामा निर्भर हुन्छ। गत वर्षको भाडाका केही उदाहरणहरू यस प्रकार छन्*:

| आय तह | १ - बेडरुम | २ - बेडरुम |
|---|---|---|
| ५०% औसत आय (AMI) | $१,०४३ - $१,५३० | $१,१९२ - $१,८३६ |
| ८०% औसत आय (AMI) | $१,८२४ - $१,९८९ | $२,०८५ - $२,३८८ |
| ११०% औसत आय (AMI) | $२,२३४ - $३,१४२ | $२,६०५ - $३,५९१ |

*[illegible]

[illegible]

## तपाँईलाई थाहा हुनुपर्ने कुराहरू:

समावेशी आवास भाडा युनिटका लागि योग्य हुन तपाँईको योग्यतालाई आप्रवासन स्थितिले कुनै असर गर्दैन।

समावेशी युनिटहरूको विकास वा व्यवस्थापन गर्न कुनै सरकारी कोष प्रयोग गरिंदैन।

# के-के परिवर्तन हुँदै छ? मैले किन आवेदन गर्नुपर्छ?

## एकै प्रतीक्षासूची

- **पहिले**, समावेशी युनिटहरू भएका प्रत्येक आवासका लागि फरक-फरक आवेदन दिनुपर्ने थियो।
- **अब**, तपाईंले एक पटक मात्र आवेदन दिए पुग्छ।
- यदि तपाँईको घरधुरी आय जस्ता **केही परिवर्तन भएमा**, तपाँईले सूचीमा आफ्नो स्थान गुमाउनुहुने छैन। हामीले तपाँईको परिवारका लागि कुन-कुन युनिटहरू उपलब्ध हुन सक्छन् भनेर मात्र अपडेट गर्ने छौँ।

## युनिटहरू थपिने

- **नयाँ समावेशी भाडा युनिटहरू**।
  - हामी आगामी ५ वर्षभित्र लगभग २५० वटा नयाँ भाडा युनिटहरू पूरा हुने र एकिकृत भाडा प्रतीक्षा सूचीमा रहेका परिवारहरूलाई उपलब्ध गराउने अपेक्षा गरेका छौँ।
- **पहिले निर्माण गरिएका समावेशी भाडा युनिटहरू**।
  - ४०० भन्दा बढी समावेशी भाडा युनिटहरू पहिले निर्माण भइसकेका छन्, जसमा हालको प्रतीक्षासूची समाप्त भएपछि एकिकृत भाडा प्रतीक्षासूची प्रयोग गरिने छ ।

# समरभिलको प्राथमिकतामा भएका परिवर्तनहरू

## प्राथमिकता कोटीहरू:

### टियर १: प्राथमिकता

**समरभिलमा हाल बसोबास गर्ने बासिन्दाहरू**

समरभिलमा बस्ने र घरबारविहीन भएका परिवारहरू पर्दछन् (जस्तै आश्रयस्थल वा सङ्क्रमणकालीन संस्थाहरूमा बस्ने परिवारहरू)

**समरभिल विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू**

कम्तीमा एक (१) जना बच्चा समरभिल सार्वजनिक बिध्यालय वा समरभिल चार्टर स्कुलहरूमा पढाउने परिवारहरू पर्दछन्|

### टियर २: प्राथमिकता

**समरभिलमा हप्ताको कम्तीमा २० घण्टा काम गर्ने**

**पछिल्लो २ वर्ष भित्र समरभिलबाट अन्यत्र सर्ने**

### टियर ३: प्राथमिकता

**टियर १ वा २ प्राथमिकतामा नपरेका परिवारहरू**

ङ्मत्त थङ्कन्नीं क्रह्ल ङ्कप्लच्वङ्खन्नच्वक्रह्ल क्र Á ल्तङ्मन ु क्र
प्र क्षन्न ò फ्रुद्र ज्न्ह्ल ह्ल छ्रन्नक्षमङ्म क्र थन्नक्रह्ल
ङ्मन्नङ्क त्तऋ ङ्क्रच्चात्र ग्र दल्र ङ्घ क्षन्ह्ल ठयज्जन्नीं

# प्राथमिकता स्थिति

## प्राथमिकताले कसरी काम गर्छ?

**पहिलो**, परिवारहरूलाई प्राथमिकता तह अनुसार क्रमबद्ध गरिन्छ।

**त्यसपछि,** प्राथमिकता स्थिति भएको रिपोर्ट गर्ने परिवारहरूलाई उक्त प्राथमिकता तहको प्रतीक्षासूचीमा माथि राखिन्छ।

**प्राथमिकताहरूलाई जोडिँदैन** - एउटा प्राथमिकता भएको परिवारलाई दुई वा तीन प्रकारका प्राथमिकता भएको परिवारलाई जत्तिकै राखिन्छ।

**यदि तपाईंको परिवारमा कोही निम्न मध्ये कुनै छन् भने तपाईंको प्राथमिकता स्थिति मान्न सकिन्छ:**

1. **घरबारविहीन भएर रहेका**
2. **घरेलु हिंसाको शिकार भएका**
3. **कमजोर अवस्थाका कारण असुरक्षित युनिटमा रहेका**
   - यदि तपाईंलाई उक्त अवस्थाको कारणले गर्दा निरीक्षण सेवा विभागले आफ्नो युनिट छोड्न बाध्य पारेको छ भने
4. **गतिशीलताका लागि पहुँचयोग्य, अनुकूलनीय वा दृष्टि/श्रवण सम्बन्धी अशक्तता भएकाहरूका लागि युनिटको आवश्यकता भएका**
5. **मोबाइल भौचर भएका**
6. **आवास गुमाउने जोखिममा रहेका**
   - उदाहरणका लागि, यदि तपाईंले घरबाट निकालिने सूचना प्राप्त गर्नुभएको छ भने।

# आवेदन खुला भएको सूचना पाउन साइन अप गर्नुहोस्।

## चरण एक

वा

यहाँ जानुहोस्:

www.somervillema.gov/inclusionary

CLICK HERE

AFFORDABLE HOUSING ALERTS: SIGN UP NOW

माथिको हरियो बटन वा क्युआर (QR) कोडले तपाईंलाई साइन-अप पृष्ठमा लैजाने छ, जहाँ तपाईं आफ्नो सम्पर्क विवरण प्रविष्ट गर्न सक्नुहुन्छ।

आवेदन उपलब्ध भएपछि, हामी साइन अप गर्ने सबैलाई इमेल मार्फत सूचित गर्ने छौँ।

# चरण दुई

## आवेदन पूरा गर्नें

### ध्यान दिनुहोस्:

**मेरो परिवारका सदस्य को-को हुन् ?**

तपाईंको परिवारका सदस्य सबैलाई आवेदनमा समावेश गर्नुहोस् ।

**परिवारको आम्दानी र सम्पत्तिहरू कति छन् ?**

**वार्षिक आयमा** तपाईंको परिवारका वयस्कहरूले एक वर्षभरि कमाएका सबै रकम समावेश हुन्छ। तपाईंले कर वा अन्य रकम कटाउनु अघि कुल आय जोड्नुपर्दछ ।

**केही सम्पत्तिहरूमा** नगद, बैंक खाताहरूमा रहेको रकम र स्टकहरू पर्दछन् । तपाईंलाई आफ्नो आवेदनमा यी सबै शीर्षकहरू समावेश गर्न अनुरोध गरिने छ ।

**मैले कागजातहरू बुझाउनुपर्छ कि ?**

आवेदनमा सोधिएका धेरैजसो प्रश्नहरूका लागि तपाईंले कागजातहरू पेस गर्नु**पर्दैन** ।

यदि तपाईं पहुँचयोग्य युनिटका लागि आवेदन दिँदै हुनुहुन्छ वा उचित आवास चाहिन्छ भने, तपाईंले आवेदन बुझाएपछि हामी तपाईंलाई चिकित्सक वा अन्य चिकित्साकर्मीबाट जारी गरिएको पत्र बुझाउन अनुरोध गर्ने छौँ।

# चरण तीन

## आवेदन खुल्ला हुने

**आवेदन फेब्रुअरी २, २०२६ तारिखदेखि उपलब्ध हुने छ।**

**अनलाइनमा:** SomervilleWaitlist.org

**निम्न अन्तिम म्यादभित्र आफ्नो आवेदन पेस गर्नुहोस्: मार्च २, २०२६**

**आवेदन सधैँ निम्न भाषामा उपलब्ध हुने छ:**

अङ्ग्रेजी, स्पेनिस, पोर्तुगाली, नेपाली, परम्परागत चीनियाँ र सरलीकृत चीनियाँ।

**हामी कुनै पनि भाषामा महत्त्वपूर्ण कागजातहरूको प्रत्यक्ष भाषानुवाद र अनुवादमा पनि मद्दत गर्न सक्छौँ - हामीलाई अनुरोध गरी पठाउनुहोस्।**

# नमुना (DEMO)

# प्रतीक्षा सूचीको सिर्जना

**एकिकृत भाडा प्रतीक्षासूची खुलेपछि:**

आवेदनहरू अनलाइन उपलब्ध हुनेछन्, र हाम्रो कर्मचारीहरू तथा स्थानीय समुदायका संस्थाहरूले घरपरिवारहरूलाई आफ्नो आवेदन पूरा गर्न सहयोग गर्नेछन्।

**कुनै युनिट उपलब्ध भएपछि:**

**शहरले प्रतीक्षासूचीको शीर्षमा रहेका परिवारहरूलाई उक्त युनिटमा भ्रमण गर्न आमन्त्रित गर्ने छ।** परिवारहरूले युनिट अस्वीकार गर्न सक्छन् वा अर्को चरणमा जारी राख्न सक्छन् र आफ्नो योग्यता जाँच गर्न सक्छन्।

तपाईंले युनिट अस्वीकार गर्न सक्नुहुन्छ, तर हामी युनिटका लागि तपाईंको योग्यता कति पटक जाँच गर्ने र तपाईंलाई अस्वीकार गर्न अनुमति दिने भन्ने सीमा हुन्छ।

# परिवारको योग्यता

## परिवारको स्क्रिनिङ*:

### कार्यक्रमको योग्यता स्क्रिनिङ:

यदि तपाईंले कुनै युनिटमा आफ्नो रुचि पुष्टि गर्नुभयो भने, हामी तपाईंलाई सबै वयस्कहरूका केही कागजातहरू पेस गर्न अनुरोध गर्ने छौँ।

ती कागजातहरूमा निम्न लगायत पर्दछन्:

- **आय सम्बन्धी कागजात**
- **सम्पत्तिका कागजात**
- **हालैका वर्षका कर दाखिलाहरू**
- **समरभिल प्राथमिकता वा प्राथमिकता स्थिति** भएका परिवारहरूका लागि **सो स्थितिको कागजात**

### अतिरिक्त स्क्रिनिङ:

घरधनी वा व्यवस्थापन कम्पनीले पनि तपाईंको परिवारको योग्यता जाँच गर्ने छ।

यसमा तपाईंको परिवारका निम्न पक्षहरूको जाँच हुन सक्छ:

- **क्रेडिट**
- **आपराधिक पृष्ठभूमि**
- **भाडाको इतिहास** - यसमा तपाईंले समयमै भाडा तिर्नुभएको छ-छैन हेर्ने र पहिलेका घरधनीसँग कुरा गर्ने लगायत पर्न सक्छन्।

* ीह ि द्धन्नठ्य द्र ह्लव्रदृत्तह्व

# अगाडिका चरणहरू

## विवरण अद्यावधिक गर्ने:

भविष्यमा, यदि निम्न कुराहरूमा कुनै परिवर्तन भएमा तपाईंले आफ्नो आवेदन अद्यावधिक गर्नुपर्ने छ:

- तपाईंको परिवारमा रहेका सदस्यहरू
- तपाईंको परिवारको आम्दानी
- तपाईंको प्राथमिकता वा प्राथमिकता स्थितिमा हुने परिवर्तनहरू
- सम्पर्क विवरण, जस्तै तपाईंको इमेल, ठेगाना र फोन नम्बर

## प्रतीक्षासूची पुन: खुल्ला हुने

प्रतीक्षा सूची फेरि खुला हुने छ, तर हामीलाई आशा छ, मार्च २ मा बन्द भएपछि एक देखि दुई वर्ष पछि खुल्ने हामीले अपेक्षा गरेका छौँ।

अहिले नै प्रतीक्षासूचीमा पर्न हामी परिवारहरूलाई यसै वर्ष आवेदन दिन प्रोत्साहित गर्दछौँ!

## यदि म समरभिलको अर्को प्रतीक्षा सूचीमा छु भने, मैले समेकित भाडा प्रतीक्षा सूचीमा फेरि आवेदन दिनुपर्छ ?

**होः नयाँ प्रतीक्षा सूचीमा पर्न तपाईंले फेरि आवेदन दिनुपर्छ।**

अन्य प्रतीक्षासूचीहरूमा भएका परिवारहरूलाई यो नयाँ प्रतीक्षासूचीमा सारिने छैन।

## यो प्रतीक्षासूची  का सबै किफायती आवासहरूका लागि होइन।

तपाईंले अझै पनि समरभिलमा अन्य किफायती आवासका लागि आवेदन दिन सक्नुहुन्छ। तपाईंलाई आवास खोज्न वा आवास आवेदनहरू उपलब्ध गराउन मद्दत गर्न सक्ने समरभिल का संस्थाहरू:

- समरभिल आवास प्राधिकरण
- समरभिल आवास स्थिरता कार्यालय
- समरभिल घरबारविहीन गठबन्धन
- समरभिल सामुदायिक निगम
- समरभिल सामुदायिक कार्य एजेन्सी

Somerville सहर

# महत्त्वपूर्ण मितिहरू

**आवेदनहरू उपलब्ध हुने मिति:**

**फेब्रुअरी २, २०२६**

**आवेदन दिने अन्तिम मिति:**

**मार्च २, २०२६**

# Application Support

बिनाअप्वाइन्टमेन्ट आवेदन सहयोग बुधबार, फेब्रुअरी १८ तारिख बिहान ९ बजे देखि दिउँसो ४ बजे सम्म सिटी हल एनेक्स, ५० एभरग्रीन एभिन्यू, सोमरभिल, एमए ०२१४५ मा उपलब्ध हुनेछ।

प्रत्येक बिहीबार साँझ ५:३० बजे देखि ७:३० बजे सम्म जुममा हुने हाम्रो भर्चुअल अफिस आवरमा सहभागी हुनुहोस्।

कम्प्युटर, ट्याब्लेट वा स्मार्टफोनबाट सहभागी हुन: Zoom बैठक सुरु गर्नुहोस्
फोनबाट डायल गर्न: १ (३०५) २२४–१९६८
एक्सेस कोड: ८११–०६६६–४३९९

Somerville सहर

# आवेदन सहायता

**समरभिल केन्द्रीय पुस्तकालय-** ७९ हाइल्याण्ड एभिन्यु, समरभिल, म्यासाच्युसेट्स्, ०२१४३ (79 Highland Avenue, Somerville, MA 02143)

- मङ्गलबार अप्रिल ८, दिउँसो २:३० बजे – ५:३० बजे
- मङ्गलबार अप्रिल २२, दिउँसो २:3३० बजे – ५:३० बजे
- मङ्गलबार मे ६, साँझ 4:00 बजे – 7:00 बजे
- मङ्गलबार मे 20, साँझ 4:00 बजे – 7:00 बजे

**समरभिल सार्वजनिक पुस्तकालय पूर्वी शाखा - ११५ ब्रडवे, समरभिल, म्यासाच्युसेट्स् ०२१४५** (115 Broadway, Somerville, MA 02145)

- बुधबार अप्रिल 9, बिहान 9:00 बजे – 12:00 बजे
- बुधबार अप्रिल 23, बिहान 9:00 बजे – 12:00 बजे
- बुधबार मे 7, बिहान 9:00 बजे – 12:00 बजे
- बुधबार मे 21, बिहान 9:00 बजे – 12:00 बजे

**Somerville सार्वजनिक पुस्तकालय पश्चिमी शाखा -** 40 College Ave, Somerville, MA 02144

- बिहिबार अप्रिल 10, दिउँसो 2:00 बजे – 5:00 बजे
- बिहिबार अप्रिल 24, दिउँसो 2:00 बजे – 5:00 बजे
- बिहिबार मे 8, साँझ दिउँसो 2:00 बजे – 5:00 बजे
- बिहिबार मे 22, दिउँसो 2:00 बजे – 5:00 बजे

**SOMERVILLE सिटी हल एनेक्स**– 50 Evergreen Ave, Somerville, MA 02145

अपोइन्टमेन्ट लिनुहोस्: **bit.ly/4i8slzZ**

हामीलाई सम्पर्क गर्नुहोस्: Inclusionary@somervillema.gov

(617) 625 6600 x.2566

Somerville सहर

समेकित भाडा प्रतीक्षासूची

# प्रश्नहरू

# र उत्तरहरू

हामीलाई सम्पर्क गर्नुहोस्:

inclusionary@somervillema.gov

617-625-6600 x.2566